# विशेष शिक्षा परिषद
# उजुरीको जानकारी
# प्याकेट र फाराम

*नवंबर 2022*

**आदरणीय (आमाबुवा/अभिभावक/उजुरीकर्ता):**
विशेष शिक्षा परिषद (Bureau of Special Education (BSE)) लाई सम्पर्क गर्नका लागि र यस मामिलामा हामीलाई तपाईंलाई सहयोग गर्ने अवसर प्रदान गर्नुभएकोमा धन्यवाद। कृपया यसमा संलग्न कुराहरूको ध्यानपूर्वक समीक्षा गर्नुहोस्। यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने, कृपया ConsultLine लाई 1-800-879-2301 मा अथवा BSE लाई (717) 783-6913 मा कल गर्न नहिचकिचाउनुहोस्।

BSE ले हस्ताक्षर सहित पूरा गरिएको उजुरी पत्र प्राप्त गरिसकेपछि उजुरी प्रक्रिया सुरू हुन्छ। BSE ले 60 दिन भित्र छानबिन पूरा गरी उजुरी छानबिन सम्बन्धी प्रतिवेदन (Complaint Investigation Report (CIR)) तयार गरेको हुनुपर्दछ। राज्य अथवा संघीय मापदण्डहरूको उल्लंघन गरेको पाइयो भने, स्थानीय शैक्षिक संस्था (Local Educational Agency (LEA)), जस्तै मध्यवर्ती इकाई, स्कूल डिस्ट्रिक्ट, चार्टर स्कूल, (Philadelphia) क्षेत्रीय कार्यालय, APS आदिलाई ती मापदण्डहरूको अनुपालन गर्न निर्देशन दिइनेछ।

प्रत्येक उजुरीका लागि BSE मा कार्यरत विशेष शिक्षा परामर्शदातालाई निर्दिष्ट (Special Education Adviser (SEA)) गरेको छ।

- परामर्शदाताले उजुरीको विषय-वस्तुको बारेमा स्पष्ट पार्नका लागि तपाईंलाई फोनद्वारा सम्पर्क गर्नेछ। तपाईंले परामर्शदातालाई कार्यलाय समयको दौरान सार्वजनिक स्थलहरूमा व्यक्तिगत रूपमा भेट्न सक्नुहुनेछ।
- परामर्शदाताले तपाईंलाई उजुरी गर्नुको कारणको बारेमा थाहा भएका व्यक्ति(हरू)को नाम सोध्नुका साथै प्रतिवेदन तयार गर्नु पूर्व उचित संख्यामा उनीहरूसँग सोधपुछ गर्नुहुनेछ। (ऐच्छिक)
- उजुरीको मुद्दाहरू प्रणामीकरण गरी स्वीकृति पत्र तपाईंलाई मेलद्वारा पठाइनेछ।
- यदि यी मुद्दाहरू BSE को अधिकार क्षेत्र भित्र पर्दैनन् भने, यही कुराको बारेमा पत्रद्वारा तपाईंलाई सूचित गरिनेछ। तपाईंलाई सहायता गर्न सक्ने अन्य निकायहरूको सम्पर्क जानकारी प्रदान गरिनेछ।
- परामर्शदाताले उजुरीसँग सुम्बन्धित रेकर्डहरूको समीक्षा गर्नका लागि LEA मा गई प्रत्यक्ष रूपमा छानबिन गर्नुका साथै कर्मचारीहरूसँग सोधपुछ गर्न सक्छ।
- अन्तिम CIR पूर्व तपाईंले मौखिक अथवा लिखित रूपमा थप जानकारी प्रदान गर्नुपर्ने हुन सक्छ।
- त्यसपछि ती जानकारीहरूको आधारमा परामर्शदाताले तथ्यहरूको छानबिन गरी लिखित CIR तैयार गर्नेछ।
- परामर्शदाताले CIR को समीक्षा तथा संशोधनका लागि कार्यालय प्रमुख कहाँ पठाउनेछ।
- कार्यालय प्रमुखले स्वीकृत गरिसकेपछि मात्र CIR प्रकाशित गरिनेछ।

कुनै पनि पक्षले यदि CIR तयार गर्दाको समयमा CIR को निर्णय तथा सुधारात्मक कार्यहरूमा परिवर्तन ल्याउन सक्ने जानकारी भएमा अथवा CIR को निर्णय वा सुधारात्मक कार्यसँग असहमति भएमा पूनर्विचार गर्नका लागि निवेदन दिन सक्छ। CIR प्रकाशन गरेको 10 दिन भित्र संशोधनको विषयमा पूनर्विचारका लागि BSE लाई अनुरोध गरि सक्नु पर्दछ। त्यसपछि, कार्यालय प्रमुखले प्रतिवेदनको समीक्षा गरी CIR को संशोधन गर्ने वा संशोधनको विषयमा पूनर्विचारका लागि गरिएको अनुरोध रद्द गर्ने निर्णय गर्दछ।

पक्षहरूले स्वतन्त्र रूपमा उजुरी गरिएका समस्याहरूको समाधान गर्न सक्छन्। यदि पक्षहरूले उजुरी गरिएका समस्याहरूको समाधान गरे भने, LEA ले उजुरीकर्ताको हस्ताक्षर सहित लिखित प्रमाण पेश गर्नेछ। त्यसपछि BSE ले उजुरीकर्ता तथा LEA लाई उजुरी बन्द गर्न प्रस्ताव पत्र पठाउनेछ।

उजुरीकर्ताले उजुरी फिर्ता लिन पनि सक्नुहुन्छ। परामर्शदाताले उजुरीकर्तालाई सम्पर्क गरी लिखित औपचारिक पत्रको लागि अनुरोध गर्न सक्छ र BSE ले उजुरीकर्तालाई उजुरी फिर्ता पत्र मार्फत स्वीकृति प्रदान गर्नेछ।

कुनै पनि पक्षले कुनै पनि समयमा मध्यस्थकर्ताको सहयोग लिन सक्छन्। पक्षहरूले विवाद समाधानको लागि मध्यस्थता अथवा वैयक्तिक शिक्षा कार्यक्रम (Individualized Education Program (IEP)) जस्ता अन्य वैकल्पिक साधनहरू अपनाउदा, उजुरी छानबिन गर्ने समयावधी 60 भन्दा बढी दिनको लागि बढाउन सकिन्छ।

## नियमावली अनुसार

उजुरीको बारेमा जानकारी - संघीय नियमावली (Federal Regulation) (34 CFR §300.153) अनुसार, उजुरी गर्नका लागि विभिन्न नियमावलीको आवश्यकता पर्दछ। ती नियमावलीहरू यस प्रकार छन्।

§300.153 उजुरी दाखिल गर्न।

(a) §§300.151 देखि 300.152 मा उल्लेख भए कार्यविधिहरू अनुरूप एउटा संस्था वा व्यक्तिले हस्ताक्षर सहितको लिखित उजुरी गर्न सक्छन्।

(b) उजुरीमा निम्न कुरा समावेश हुनुपर्दछ-
- (1) सार्वजनिक संस्थाले यस ऐनको भाग B अथवा यस भागका मापदण्डको उल्लंघन गरेको बयान;
- (2) बयानलाई प्रणामित गर्ने तथ्यहरू;
- (3) उजुरीकर्ताको हस्ताक्षर तथा सम्पर्क जानकारी; र
- (4) विशेष प्रकारका सुविधा आवश्यक भएको बच्चासँग सम्बन्धित उल्लंघनको आरोप भएमा-
  - (i) बच्चाले बसोबास गर्ने ठाउँको नाम र ठेगाना;
  - (ii) बच्चा पढ्ने विद्यालयको नाम;
  - (iii) घरबारविहीनबच्चा अथवा युवा/युवती भएमा (घरबारबिहीन व्यक्तिहरूको सहायता सम्बन्धी McKinney-Vento ऐन (McKinney-Vento Homeless Assistance Act) (42 U.S.C. 11434 a (2)) को भाग 725(2) अन्तर्गत), बच्चाको सम्पर्क जानकारी, तथा बच्चा पढ्ने विद्यालयको नाम;
  - (iv) बच्चाको समस्यासँग सम्बन्धित तथ्यहरू सहित समस्याको बारेमा विस्तृत विवरण; र
  - (v) उजुरी दायर गरेको समयमा थाहा भएसम्म तथा पक्षलाई उपलब्ध जानकारी अनुसार समस्या समाधानको प्रस्ताव।

(c) §300.151 अनुसार उजुरी पत्र प्राप्त गरेको मितिभन्दा पूर्व एक वर्ष भित्र गरेको उल्लंघनको बारेमा उजुरी गरेको हुनुपर्दछ।

(d) उजुरी गर्ने पक्षले उजुरीको एउटा प्रतिलिपि LEA अथवा बच्चालाई सेवा प्रदान गर्ने सार्वजनिक निकायका साथै त्यही समयमा विशेष शिक्षा सम्बन्धी परामर्शदाता SEA लाई पनि बुझाउनु पर्दछ।

## तेस्रो पक्षको उजुरी दायर - गोपनीयता मापदण्डहरू सम्बन्धी सूचना

यदि आमाबुवा अथवा अभिभावक भन्दा अन्य व्यक्तिले उजुरी दायर गर्नुभयो भने, उजुरीको लागि विशेष शिक्षा सम्बन्धी परामर्शदाताले आमाबुवाको अनुमति बिना गोप्य जानकारी प्रदान गर्न नसकिने भनी उल्लेख भएको पत्र पठाउनुहनेछ, जसले गर्दा BSE ले उजुरी सम्बन्धी प्रत्यक्ष रूपमा छानबिन गर्न असमर्थ हुनेछ। तर, BSE ले छानबिन गर्नुको साथै थप प्राप्त जानकारीहरूको CIR प्रतिवेदन तयार गर्नेछ, र नतिजाहरू प्रत्यक्ष रूपमा आमाबुवा तथा LEA सँग राख्नेछ।

## संघीय नियामावलीहरूमा भएका महत्त्वपूर्ण परिवर्तनहरू (उजुरी सम्बन्धी)

यदि तपाईंले पहिले पनि उजुरी दायर गर्नुभएको छ भने, तपाईंले यस कुरामा ध्यान दिनुपर्छ कि नयाँ संघीय नियमावलीहरूमा केही परिवर्तनहरू भएका छन् जुन उजुरी प्रक्रियाको दौरान लागू हुन्छन्। संघीय नियमावली 34 भाग B (Code of Federal Regulations (CFR)) मा उल्लेखित नियमहरूमा उजुरी प्रक्रिया सम्बन्धी विभिन्न महत्त्वपूर्ण परिवर्तनहरू भएका छन्।

1. BSE ले आरोप माथि छानबिन गर्नु पूर्व उजुरीकर्ताले उजुरी पत्रमा हस्ताक्षर गर्नुपर्दछ।
2. नियमानुसार उजुरीकर्ताले उजुरीको प्रतिलिपि LEA लाई पनि पठाउनु पर्नेछ।
3. उजुरीकर्ताले उजुरी पत्रमा समस्याको समधानको प्रस्ताव गरेको हुनुपर्दछ।
4. सार्वजनिक निकायलाई उजुरीको समाधान सम्बन्धी प्रस्ताव राखी उजुरीको जवाफ दिने अवसर प्राप्त हुन्छ।
5. उजुरी दायर गर्ने आमाबुवा तथा सार्वजनिक निकायका बीच स्वेच्छाले मध्यस्थतामा संलग्न हुन अवसर प्रदान गरिएको छ।
6. उजुरीकर्ताले शैक्षिक वर्षको पहिलो पटक उजुरी दायर गर्दा LEA बाट कार्यविधिको सुरक्षा सम्बम्धी सूचना (Procedural Safeguards Notice) को प्रतिलिपि प्राप्त गर्नु हुनेछ।

# उजुरी फाराम

कृपया यस फारामको प्रतिलिपिहरू बनाउन, अतिरिक्त कागजको प्रयोग गर्न वा 1-800-879-2301 मा ConsultLine लाई कल गर्न वा थप प्रतिलिपिहरूको लागि 717-783-6913 मा विशेष शिक्षा परिषद (Bureau of Special Education (BSE)) लाई फोन गर्न नहिचकिचाउनुहोस्।

**म यस उजुरीका लागि नियुक्त परामर्शदाताद्वारा निम्न माध्यम मार्फत सम्पर्क गर्न चाहन्छु:**

☐ **फोनबाट (कृपया नम्बर उपलब्ध गराउनुहोस्):**
**कार्यालय समयको दौरान कल गर्ने उत्कृष्ट समय:**

☐ **इमेलबाट (कृपया इमेल ठेगाना उपलब्ध गराउनुहोस्):**

☐ **कार्यालय समयको दौरान व्यक्तिगत रूपमा सार्वजनिक स्थलहरूमा गई।** कागजातहरूको प्रतिलिपिको अनुमति सम्भव: स्कूल अथवा मध्यवर्ती इकाईले दिनेछन्।

**तपाईं विशेष बच्चाको तर्फबाट उजुरी दायर गर्दै हुनुहुन्छ?** ☐ हो ☐ होइन

**कृपया आफ्नो सम्पर्क जानकारी तथा बच्चासँग तपाईंको सम्बन्ध लेख्नुहोस् र हस्ताक्षर गर्नुहोस्।**

**नामः**

**ठेगाना:**

**फोन नम्बर:**

**घर:**

**कार्यालय:**

**मोवाइल:**

**इमेल:**

**बच्चा अथवा बालबालिकासँगको सम्बन्ध:**
☐ अभिभावक ☐ वकील ☐ एडभोकेट ☐ अन्य

**बच्चाको घर, स्कूल, तथा स्कूल डिस्ट्रिक्टको नाम र ठेगाना।**

**बच्चाको नाम:**

**जन्म मितिः**

**ठेगाना:**

**हाल बच्चा विद्यालय जान्छ?** ☐ हो ☐ होइन

**यदि हो भने, बच्चाको हालको कार्यक्रम कहाँ छ:**

**विद्यालय भवन:**

**स्कूल डिस्ट्रिक्ट:**

**चार्टर स्कूलहरू:**

**यदि घरवार बिहीन बच्चा अथवा युवा/युवतीको तर्फबाट उजुरी दायर गरेको भए मात्र यहाँ भर्नुहोस।**

**सम्पर्क व्यक्ति:**

**टेलिफोन:**

**गत वर्षमा उल्लङ्घन भएको थियो? यदि हो भने, कहिले?**

**मितिः**

**अभियोगहरूको बारेमा स्पष्ट पार्नका लागि, निम्न व्यक्ति(हरू) सँग सोधपूछ गर्न म परामर्शदाताको सहयोग चाहन्छु। (ऐच्छिक)**

| नाम | पेशा/पद | फोन नम्बर/इमेल ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

कृपया तपाईंले थाहा पाउनु भएको उल्लंघनको विषयमा आफ्नो बयान दिनुहोस्। कृपया समस्याको बारेमा विस्तृत रूपमा जानकारी दिनुहोस्।

कृपया तपाईंको बयानको समर्थन गर्ने तथ्यहरूको सूची बनाउनुहोस्।

तपाईंले जानेबुझे अनुसार, कृपया यस समस्याको समाधानको बारेमा सुझाव दिनुहोस्।

यस उजुरीको सम्बन्धमा छानबिन गर्न BSE का लागि हस्ताक्षर गरिएको हुनुपर्दछ। तपाईंले यस उजुरी पत्रको प्रतिलिपि स्थानीय शैक्षिक संस्था (LEA) लाई पठाउनु पर्दछ। तल हस्ताक्षर गरेर, तपाईंले LEA लाई उजुरी फारामको प्रतिलिपि प्रदान गर्नुभएको छ भनी BSE लाई सूचीत गर्नुहुन्छ।

हस्ताक्षर मिति

कृपया निम्न ठेगानामा फाराम फिर्ता गर्नुहोस्:

PDE/BSE
Division of Compliance Monitoring and Planning
333 Market Street, 7th Floor
Harrisburg, PA 17126-0333

ConsultLine – कल रिजल्यूशन प्रक्रिया (Call Resolution Process (CRP))

प्रथमाक्षर मिति